विष्णुपुर गाउँपालिका
Bishnupur Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
विष्णुपुर, सप्तरी
Bishnupur, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal


प.स.२०८१/०८२ मिति : २०८२/०२/२०
च.नं. २४५६

**विषयः- भुक्तानी बन्द हुने सम्बन्धमा ।**

श्री सरोकारवाला (सवै)
श्री विषयगत शाखा (सवै)
श्री वडा कार्यालय (सवै)
विष्णुपुर गाउँपालिका, सप्तरी ।

उपरोक्त सम्वन्धमा महालेखा नियन्त्रक कार्यालय अनामनगर काठमाण्डौँको प.स.२०८१/८२ च.नं.१४२ र मिति २०८२।०२।२० गतेको प्राप्त पत्र अनुसार आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ मा व्यवस्था भए बमोजिम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था रहेको छ । सोही सन्दर्भमा यस कार्यालयको आर्थिक कारोवार स्थानिय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) बाट हुदै आएकोमा २०८२ असार २५ गते नै SuTRA बन्द भई सम्पुर्ण आर्थिक कारेवार बन्द हुने व्यहोरा अवगत नै छ ।

तसर्थ यस कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत भएका बजेट, योजना / कार्यक्रमहरुको लागि कार्यालयबाट सम्झौता भई कार्यदेश लिई सकेका र भुक्तानी लिन बाँकी यस कार्यालय वा अन्तर्गतका कार्यालयहरु, विषयगत शाखाहरु, व्यक्ति, फर्म/सप्लायर्स, आपुर्तिकर्ता, परामर्शदाता, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुले निर्धारित समय भित्र भुक्तानी कार्यमा अत्यधिक चाप हुने, जसले गर्दा सुत्र प्रणालीमा पनि सोही अनुरुप चाप पर्ने भएकाले समय सिमा भित्र नियमानुसार सम्पुर्ण कागजात पेश गरि भुक्तानी तथा फरफारक गर्नु गराउनु हुन साथै तोकिएको समय सिमा भित्र कार्यालयमा पेश नगरी भुक्तानी जोखिम तथा अर्को आ.व मा वढ्न सक्ने दायित्व वारे सचेत भइ भुक्तानी नलिएमा सरोकारवालाहरु स्वयं जिम्मेवार हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारीको लागि अनुरोध छ ।

२०८२/२/२०
.............................
उज्जवल आनन्द
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-
श्रीमान् अध्यक्ष ज्यू, विष्णुपुर गाउँपालिका- सादर अवगतार्थ ।
श्रीमान् उपाध्यक्ष ज्यू, विष्णुपुर गाउँपालिका- सादर अवगतार्थ ।
श्री सूचना प्रविधि शाखा, विष्णुपुर गाउँपालिका, सप्तरी :- कार्यालयको वेवसाईटमा अपलोड गरि दिनु हुन ।